वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ५७ २०८३ असार ०४ गते विहीबार, नेपाल सम्वत् ११४६ June 18, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-




# आँबुखैरेनीको नीति तथा कार्यक्रम : 'सुखी र समृद्ध पालिका' निर्माणको दीर्घकालीन रोडम्याप

## पर्यटन, स्वास्थ्य, कृषिदेखि रोजगारीसम्म प्राथमिकता

**भञ्ज्याङ समाचारदाता/आँबुखैरेनी**

थर्क वर्ष २०८३/०८४ का लागि पर्यटन, कृषि, स्वास्थ्य, शिक्षा, रोजगारी र पूर्वाधार विकासलाई केन्द्रमा राख्दै २२ बुँदे नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । "पर्यटन, कृषि, उद्यम र पूर्वाधार : सुखी र समृद्ध आँबुखैरेनीको आधार" भन्ने मूल नारालाई आत्मसात् गर्दै गाउँपालिकाले नागरिकको जीवनस्तर उकास्ने लक्ष्यसहित महत्वाकांक्षी योजना अघि सारेको हो ।

बुधबार आयोजित गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रममा आँबुखैरेनी अस्पतालको सेवा विस्तार, नयाँ आधारभूत स्वास्थ्य केन्द्र स्थापना, विपन्न नागरिकका लागि विशेषज्ञ उपचार निःशुल्क उपलब्ध गराउने व्यवस्था र सम्पूर्ण चेपाङ परिवारको स्वास्थ्य बीमा गाउँपालिकाले व्यहोर्ने कार्यक्रम समावेश गरिएको छ । योग तथा ध्यानमार्फत शारीरिक र मानसिक स्वास्थ्य प्रवर्द्धन गर्ने अभियानलाई समेत प्राथमिकता दिइएको छ ।

शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउने, स्मार्ट बोर्ड, विज्ञान तथा कम्प्युटर प्रयोगशाला विस्तार गर्ने, शिक्षक क्षमता विकास र छात्रवृत्ति कार्यक्रमलाई थप प्रभावकारी बनाउने योजना सार्वजनिक गरिएको छ। आँबुखैरेनी क्याम्पसमा उच्च तहको अध्ययन विस्तार तथा स्वास्थ्य विज्ञानसहितको बहुप्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक पहल गर्ने गरी नीति तथा कार्यक्रम ल्याइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी गराए ।

'कृषि क्षेत्रलाई उत्पादनमुखी बनाउने उद्देश्यले वास्तविक किसानलाई उत्पादनको आधारमा अनुदान उपलब्ध गराइने नीति लिइएको छ', अध्यक्ष चुमानले भने, 'दूध, मास, फापरलगायत उत्पादनमा दिइँदै आएको प्रोत्साहनलाई निरन्तरता दिइने र हरेक वडामा खसीबोका संकलन केन्द्र स्थापना गरी मासु उत्पादनमा समेत अनुदान उपलब्ध गराउने योजना समेटिएको छ । कृषि तथा पशु बीमा कार्यक्रम पालिकाभर विस्तार गरी किसानको लगानी सुरक्षित गर्ने लक्ष्य राखिएको छ ।'

पर्यटन प्रवर्द्धनतर्फ छिम्केश्वरी, आँधीमूल, ऐना पहरा, अकला मन्दिर, चमेरो गुफा, अक्लाङ पार्कलगायत सम्भावित पर्यटकीय क्षेत्रको विकास र डिजिटल माध्यमबाट प्रचारप्रसार गरी यसमार्फत स्थानीय युवालाई स्वरोजगारसँग जोड्ने रणनीति अघि सारिएको अध्यक्ष चुमानले बताए ।

नीति तथा कार्यक्रममा सडक कालोपत्रे, 'एक घर-एक धारा' अभियान, सिँचाइ विस्तार, भूमि प्रशासन सेवा गाउँपालिकाबाटै सञ्चालन गर्ने तयारी, भूमिहीनलाई लालपुर्जा वितरण प्रक्रियामा तीव्रता, जेष्ठ नागरिकका लागि घरमै स्वास्थ्य परीक्षण, अपाङ्गता भएका व्यक्तिका लागि सीप विकास तथा उद्यम कार्यक्रम, सामाजिक विभेद र हिंसाविरूद्ध सचेतना अभियान, डिजिटल कर प्रणाली र फोहोरको वैज्ञानिक व्यवस्थापनजस्ता विषयलाई पनि समेटिएको छ ।



वन तथा वातावरण संरक्षण, विपद् व्यवस्थापन, आगलागी नियन्त्रणका पूर्वतयारी, सामुदायिक वनसँग सहकार्य र बहुसांस्कृतिक सम्पदाको संरक्षणलाई समेत प्राथमिकतामा राखिएको नीति तथा कार्यक्रमले स्थानीय स्रोत, सम्भावना र जनसहभागितामार्फत समृद्ध आँबुखैरेनी निर्माण गर्ने लक्ष्य अघि सारेको छ ।

गाउँसभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा स्थानीय सरकारलाई नागरिकको सबैभन्दा नजिकको सेवा प्रदायक संस्थाका रूपमा स्थापित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा, प्रविधिमैत्री शिक्षा, उत्पादनमुखी कृषि, रोजगारी सिर्जना, सामाजिक न्याय र दिगो पूर्वाधार विकासलाई विशेष जोड दिइएको छ।

**स्वास्थ्य सेवालाई थप सुदृढ बनाइने**

पालिकाले आँबुखैरेनी अस्पतालको सेवा विस्तार गर्दै आवश्यक भौतिक पूर्वाधार, आधुनिक उपकरण र जनशक्तिको व्यवस्थापन गर्ने योजना अघि सारेको छ। वडा नम्बर ६ को पुर्लग क्षेत्रमा नयाँ आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरिनेछ भने विद्यमान स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरूको सेवा थप व्यवस्थित बनाइने भएको छ।

विपन्न नागरिकलाई विशेषज्ञसहितको उपचार निःशुल्क उपलब्ध गराउने व्यवस्था निरन्तर रहने, सम्पूर्ण चेपाङ परिवारको स्वास्थ्य बीमा गाउँपालिकाबाट गरिने तथा योग-ध्यान कार्यक्रममार्फत शारीरिक र मानसिक स्वास्थ्य प्रवर्द्धन गर्ने लक्ष्य पनि कार्यक्रममा समेटिएको छ ।

**प्रविधिमैत्री विद्यालय र उच्च शिक्षामा जोड**

सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउने अभियानलाई निरन्तरता दिँदै कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट विस्तार गरिनेछ। शिक्षक क्षमता अभिवृद्धि, प्रोत्साहन कार्यक्रम तथा प्रधानाध्यापक प्रोत्साहनलाई पनि निरन्तरता दिइने उल्लेख छ ।

विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति कोष विस्तार गरिने, संस्थागत र सामुदायिक विद्यालयबीच सहकार्य बढाइने तथा गाउँपालिकाको एक मात्र उच्च शिक्षालय आँबुखैरेनी क्याम्पसलाई गुणस्तर अभिवृद्धि गर्दै स्नातकोत्तर तह सञ्चालनका लागि बजेट व्यवस्था गरिने योजना रहेको छ। साथै स्वास्थ्य विज्ञानसहितको बहुप्राविधिक शिक्षालय स्थापनाका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।

**खेलकुद पूर्वाधार विस्तार**

युवालाई खेलकुदतर्फ आकर्षित गर्न पालिकास्तरीय प्रतियोगिता सञ्चालन, मार्कीचोक रंगशालाको स्तरोन्नति, शहरी क्षेत्रमा खुला व्यायामशाला स्थापना तथा निर्माणाधीन कभर्ड हल चालु आर्थिक वर्षमै

# व्यासको गजुरे स्वास्थ्य चौकीको सेवा विस्तार

## स्थानीयलाई आधारभूत स्वास्थ्य सेवाका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता घट्ने

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिका-९ स्थित गजुरे स्वास्थ्य चौकीको भवन उद्घाटन तथा सेवा विस्तार गरिएको छ । स्थानीयवासीले वर्षौंदेखि भोग्दै आएको आधारभूत स्वास्थ्य सेवाको पहुँच अभाव क्रमशः हट्ने भएको छ । बुधबारदेखि औपचारिक रूपमा सेवा सुरू गरेको स्वास्थ्य चौकीले विशेषगरी व्यास-७, ९ र १० का हजारौं नागरिकलाई गाउँनजिकै उपचार र स्वास्थ्य परामर्श उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

यसअघि सामान्य स्वास्थ्य परीक्षण, औषधि उपचार, खोप, मातृ तथा शिशु स्वास्थ्य सेवा वा अन्य आधारभूत उपचारका लागि स्थानीयवासीले टाढाका स्वास्थ्य संस्था वा सदरमुकामसम्म पुग्नुपर्ने अवस्था थियो । नयाँ स्वास्थ्य चौकी सञ्चालनसँगै समय, खर्च र यात्राको झन्झट घट्ने विश्वास गरिएको छ ।

स्वास्थ्य चौकी उद्घाटन गर्दै



व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार भएकाले त्यसलाई सहज र सर्वसुलभ बनाउन नगरपालिका प्रतिबद्ध रहेको बताए । उनले स्वास्थ्य संस्थाको स्थापना मात्र नभई गुणस्तरीय सेवा प्रवाहलाई पनि प्राथमिकतामा राखिने उल्लेख गरे ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदीशचन्द्र पोखेलले स्वास्थ्य सेवा गाउँसम्म पुग्नु नै समावेशी विकासको आधार भएको धारणा राखे । उनका अनुसार पूर्वाधार निर्माणसँगै दक्ष जनशक्ति, आवश्यक उपकरण र प्रभावकारी व्यवस्थापन भएमा मात्रै नागरिकले वास्तविक लाभ लिन सक्छन् ।

गण्डकी प्रदेश सभाकी पूर्व सदस्य सरिता गुरूङले स्थानीय तहले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै ग्रामीण बस्तीमा सेवा विस्तार गर्नु सकारात्मक कदम भएको बताइन् । वडा नम्बर ९ का अध्यक्ष तथा व्यास नगरपालिकाका प्रवक्ता सुरेश थापाले गजुरे क्षेत्रमा स्वास्थ्य संस्था स्थापना स्थानीयवासीको लामो समयदेखिको माग रहेको उल्लेख गर्दै अब त्यसलाई गुणस्तरीय सेवाको केन्द्रका रूपमा विकास गर्नुपर्ने बताए ।

स्थानीय सामाजिक अगुवा तथा

बाँकी तेश्रो पेजमा

# राममन्दिर गुठीको तीस रोपनी जग्गा अतिक्रमणमा

**भञ्ज्याङ समाचारदाता/देवघाट**

तनहुँको प्रसिद्ध धार्मिक तीर्थस्थल देवघाटधामस्थित राममन्दिर गुठीको स्वामित्वमा रहेको जग्गा अतिक्रमणमा परेको छ । गुठीको नाममा रहेको १४९ रोपनीमध्ये करिब ३० रोपनी जग्गामा अतिक्रमण गरी स्थायी तथा अस्थायी संरचना निर्माण गरी बस्ती बसालेको अनुमान गरिएको छ ।

त्यस क्षेत्रमा ३७ घरका १०६ जनाका परिवारले स्थायी तथा अस्थायी संरचना निर्माण गरी बस्ती बसालेका छन् । उक्त जग्गा घरायसी कागजपत्रका भरमा किनबेच भइरहेको जानकारी पाइएको देवघाट गाउँपालिकाका प्रवक्ता एवं वडा नं ५ का वडाध्यक्ष पूर्णबहादुर कुँवरले जानकारी दिए।

उनले गुठीको जग्गा व्यक्तिका नाममा नामसारी वा लालपुर्जा दिन नमिल्ने स्पष्ट कानुनी प्रावधान रहे पनि सो क्षेत्रमा घरायसी कागज बनाएर जग्गा किनबेच गरिँदै आएको पाइएकाले यस्ता जग्गा खरिद-बिक्री नगर्न सूचित गरिएको बताए ।

गाउँपालिकाले गुठीको जग्गा खाली गर्नसमेत स्थानीय बासिन्दालाई आग्रह गरेको छ । कहीँकतै जग्गा नभएका वास्तविक सुकुम्बासीलाई संघीय सरकारले वैकल्पिक जग्गाको व्यवस्थापन गरी कानुनी रूपमै लालपुर्जा दिने तयारी गरिरहेको छ । देवघाट गाउँपालिका, देवघाट क्षेत्र विकास समिति र स्थानीय प्रशासनको सक्रियतामा देवघाटको वेणी क्षेत्रको सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका १६ वटा अस्थायी टहरा भने पूर्ण रूपमा हटाइसकिएको छ।

त्रिशूली र कालीगण्डकीको

बाँकी तेश्रो पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## स्थानीय सरकार र युवा

जनताको घरदैलोको सरकारका रूपमा चिनिएका यी स्थानीय तह अहिले आगामि आर्थिक वर्षका लागि नीति, कार्यक्रम तथा बजेट निर्माणको तयारीमा जुटेका छन्। संघ र प्रदेश सरकारले आगामि आर्थिक वर्षका लागि बजेट ल्याइसकेका छन्। मुलुकका तीनै तहका सरकारले सामयिक रूपमा युवा लक्षित कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा युवाहरू अहिले आफ्नो थाँतथलो छाड्ने क्रम बढ्दै गएको छ । स्थानीय सरकारले यो अबको नीति कार्यक्रम र बजेटमा कसरी समेट्छन ? सबैको चासोको विषय बनेको छ । तनहुँका चार नगरपालिका र छ गाउँपालिकाले पनि युवालाई आ–आफ्नै गाउँठाउँमा स्वरोजगार बनाउन भन्दै विभिन्न कार्यक्रमहरू सञ्चालन पनि गरेका छन् । तर, ती कार्यक्रम प्रभावकारी बन्न सकेको देखिदैन। युवाहरूको श्रम, सीप, सिर्जनात्मकताको उपयोग गर्न सकेमात्र समृद्धिको यात्रा तय हुन्छ । तीनै तहका सरकारले युवाका चाहना, आवश्यकता र युवालाई आकर्षित गर्ने खालका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा अहिले कतिपय गाउँबस्ति युवा विहिन अवस्थामा पुगेका छन् । यतिसम्मकी कतिपय गाउँहरू खण्डहर बन्दै गएका छन् भने केही गाउँ छ वृद्धवृद्धा मात्रै बसोवासर रहेको भेटिन थालेका छन् ।

नेपालको कुल जनसंख्यामा श्रमयोग्य युवाहरूको हिस्सा उच्च छ । विज्ञहरु युवाहरूको यो संख्यालाई जनसांख्यिक लाभको रूपमा परिभाषित गर्ने र यसको सदुपयोग गर्नुपर्ने बताउँछन् । यस्तो जनसांख्यिक लाभांश समुन्नत र समृद्ध नेपालको आधार बन्ने उच्च सम्भावना हुँदाहुँदै पनि युवा जनशक्तिको सिर्जनात्मक उपयोग गर्न सकिएको छैन । युवाको विदेश पलायनले देशको कृषियोग्य जमिन बाँझो छ । युवा बिदेसिनुको असर देशको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा परिरहेको छ । उत्पादन बढाएर देशलाई समाजवाद उन्मुख समृद्धितिर लैजान नेपालबाहिर रहेका बहुसंख्यक नेपालीको सहभागिता अनिवार्य हुन्छ । अवसर र रोजगारी खोज्दै एक करोडभन्दा बढी नेपाली बिदेसिएका छन्। उनीहरूमध्येबाटै स्वदेश फर्किएका, जोसँग केही गर्ने उमेर र उमङ्ग अझै बाँकी छ, उनीहरूको प्राविधिक ज्ञान, सीप, पुँजी र समग्र अनुभवलाई प्रयोग गरेरै हामीले देशमा उत्पादन बढाउन सक्छौँ । यसरी फर्किएका (रिटर्नी)हरूलाई रोजगारी दिएर वा स्वामित्व दिएर देशको उत्पादन बढाउने योजना अगाडि ल्याउनुपर्छ । आत्मनिर्भर अर्थतन्त्र एवं समृद्धिका लागि सरकार, 'रिटर्नी' र सम्पूर्ण सरोकारवालाहरूको यसप्रति ध्यान जान जरूरी छ । हरेक 'रिटर्नी'लाई कुनै उद्यममा संलग्न गराउन वा बाहिर सिकेर आएको सीपअनुसारको रोजगारमा लगाउन राज्यले ध्यान दिनुपर्छ ।

अर्थतन्त्रमा आन्तरिक तथा बाह्य आम्दानी र कुल गार्हस्थ्य उत्पादनको स्थिति ऋणात्मक रहेपनि उल्लेख्य विदेशी मुद्रा सञ्चितिका कारण नेपालको अर्थतन्त्र सकारात्मक छ । धेरैको मुखबाट सुन्ने गरिएको छ, 'आज मुलुकको अर्थतन्त्र विप्रेषण (रेमिट्यान्स)ले चलेको छ ।' विभिन्न तथ्याङ्कले यो पुष्टि गरेको देखिन्छ। जुनसुकै माध्यम र भिसामा बिदेसिए पनि रोजगार लक्षित युवाहरूको संख्या एक करोडभन्दा माथि नाघेको छ । दिन प्रतिदिन बिदेसिनेको संख्या बढ्दो क्रममा छ। हरेक दिन देश छाड्ने युवाको संख्या २२/२३ सय छ भने फर्किनेको संख्या तीन–चार सयको हाराहारी छ । देशमा युवा रित्तिने क्रमलाई कम गर्न फर्किनेहरूको पुनःस्थापना गर्न आवश्यक छ । विगत एक दशकमा नेपालले ठुलठुला संकट बेहोरेको छ, जसले अर्थतन्त्रलाई कमजोर बनाउँदै लगेको छ ।

२०७२ को विनाशकारी भूकम्प, ठुलठुला बाढी–पहिरो, पटक पटक सरकार फेरिने राजनीतिक संकट, कोरोना महामारी आदिबाट मुलुकको अर्थतन्त्र डुब्नबाट बचाउन रेमिट्यान्सकै मुख्य भूमिका छ, तर रेमिट्यान्सको भर हुँदैन । आत्मनिर्भर र समाजवादी अर्थतन्त्रका लागि हामीसँग राष्ट्रिय पुँजी र उत्पादन नै चाहिन्छ। देशको परिवेश तथा ग्रामीण अर्थतन्त्रसँग बाल्यकालमा जोडिएको यो पुस्ता नै युवावस्थामा विदेशी भूमिमा आफ्नो श्रम खर्चिन पुगेको थियो । युवावस्थाको उत्तरार्धतिर स्वदेश फर्केकाहरूको ज्ञान, सीप, क्षमता र पुँजीलाई उचित ढङ्गले देशको उत्पादनमा जोड्न सकिएन भने हाम्रो अर्थतन्त्र जर्जर हुँदै जान्छ । अर्कोतिर नेपाली भूमिमा साल–नाल जोडिएको यो पुस्ता पलायनतिर लाग्दा यिनीहरूका सन्तानहरूको पनि देशसँगको नाता कमजोर हुने निश्चित छ । त्यसैले ४० वर्ष उमेर नाघेका यी 'रिटर्नी'हरूको श्रम सभ्यताको निरन्तरताले आगामी एक–दुई दशकभित्र समाजवादी नेपाल निर्माण गर्न योगदान पुऱ्याउन सकिन्छ । तर, अबका दिनमा के कसरी अगाडि बढ्ने र युवालाई आफ्नै थातथलोमा स्वरोजगार बनाउका लागि स्थानीय सरकारको नीति, कार्यक्रमले निकै महत्वपूर्ण भूमिका खेल्न सक्छ । त्यसैले स्थानीय सरकारले आफ्नो गाउँठाउँको सम्भाव्यता, आवश्यकताको पहिचान गरी सोही अनुसारको कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउनुको विकल्प छैन ।

# एकताको हल्ला, फुटको पुनरावृत्ति : किन दोहोरिन्छ कम्युनिष्ट आन्दोलनमा विभाजन?

नेपालको राजनीतिक इतिहासमा कम्युनिष्ट आन्दोलन एउटा महत्वपूर्ण शक्ति हो । जनआन्दोलनदेखि जनयुद्ध, सडक संघर्षदेखि संसदसम्म यसको प्रभाव स्पष्ट देखिन्छ । तर त्यही आन्दोलनको अर्को कठोर यथार्थ पनि छ– एकताको निरन्तर घोषणा र त्यसपछि हुने पुनः विभाजन। समय–समयमा एकताको हल्ला चुलिन्छ, सम्झौताहरु हुन्छन्, पार्टीहरु गाभिन्छन्, तर केही समयमै फेरि नयाँ–नयाँ समूह र गुटहरूको उदय देखिन्छ । यो क्रम किन दोहोरिइरहन्छ भन्ने प्रश्न आज पनि उत्तिकै सान्दर्भिक छ ।

कम्युनिष्ट आन्दोलनको आधारभूत दर्शन वर्गसंघर्ष, भौतिकवादी दृष्टिकोण र शोषित वर्गको पक्षधरता हो । मार्क्सवादी–लेनिनवादी विचारले समाजको रूपान्तरणलाई वैज्ञानिक विश्लेषण र संगठनात्मक अनुशासनमार्फत अघि बढाउने कुरा गर्छ। सिद्धान्ततः यो विचार समानता, न्याय र श्रमजीवी वर्गको वर्गको प्रतिनिधित्व र सामाजिक समानताको कुरा गरिए पनि व्यवहारमा व्यक्तिगत स्वार्थ, सत्ता केन्द्रित प्रतिस्पर्धा र संगठनभित्रको शक्ति संघर्ष हावी हुने आरोप बारम्बार लाग्ने गरेको छ। यस्तो अवस्था उत्पन्न हुँदा संगठनभित्र विश्वासको संकट बढ्छ र एकता कमजोर हुन्छ ।

अहंकार र आत्मआलोचनाको अभाव पनि एक महत्वपूर्ण कारण हो । संगठनात्मक जीवनमा नेतृत्वले आत्मसमीक्षा गर्न सक्ने क्षमता कमजोर हुँदा गल्तीहरु दोहोरिने सम्भावना बढ्छ। आलोचना स्वीकार गर्ने संस्कृतिको विकास नहुँदा आन्तरिक बहस सशक्त बन्नुको सट्टा व्यक्तिगत द्वन्द्वमा रूपान्तरण हुने गर्छ। यही प्रवृत्तिले संगठनलाई दीर्घकालीन रूपमा कमजोर बनाउँछ ।

आर्थिक पक्ष पनि कम्युनिष्ट आन्दोलनको बहसको महत्वपूर्ण विषय हो । श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने दाबी गर्ने खेलेको छ । जनताको ठूलो हिस्साले अझै पनि समानता र न्यायको अपेक्षा यसै विचारधारासँग जोडेर हेर्ने गर्छ ।

समस्या विचारधारामा होइन, त्यसको कार्यान्वयनमा देखिन्छ भन्ने तर्क पनि बलियो छ । सिद्धान्त स्पष्ट भए पनि त्यसलाई व्यवहारमा उतार्ने संगठनात्मक संरचना कमजोर हुँदा परिणाम अपेक्षित रूपमा आउन सक्दैन । त्यसैले प्रश्न विचारधाराको होइन, नेतृत्व शैली, संगठनात्मक अनुशासन र राजनीतिक संस्कृतिको हो ।

एकताको दीर्घकालीन सम्भावना बनाउन केही आधारभूत पक्षहरु आवश्यक देखिन्छन्। पहिलो, विचारभन्दा माथि संगठनात्मक अनुशासनलाई प्राथमिकता दिनुपर्छ। दोस्रो, नेतृत्व चयन र निर्णय प्रक्रियामा पारदर्शिता आवश्यक छ । तेस्रो, आत्मआलोचना र आन्तरिक लोकतन्त्रलाई संस्थागत गर्नुपर्छ। चौथो, आर्थिक गतिविधिमा पूर्ण पारदर्शिता



नेपालको कम्युनिष्ट आन्दोलन अहिले पनि एउटा निर्णायक मोडमा छ । जनताले दिएको विश्वासलाई संस्थागत रूपमा रूपान्तरण गर्ने अवसर पनि छ र विगतका कमजोरीहरू दोहोर्याउने जोखिम पनि उत्तिकै छ । एकताको भविष्य नारामा होइन, व्यवहारमा निर्भर गर्छ। विचारधारात्मक प्रतिबद्धता, नैतिक आचरण र जनउत्तरदायी नेतृत्वले मात्र आन्दोलनलाई स्थायित्व दिन सक्छ ।

**सुरेशकुमार पाण्डे**

मुक्तिसँग जोडिएको छ । तर व्यवहारमा विचार र आचरणबीच दूरी बढ्दै जाँदा संगठनात्मक एकता कमजोर हुने गरेको देखिन्छ ।

नेपालमा कम्युनिष्ट आन्दोलन लामो समयदेखि विभिन्न धारा, उपधारा र गुटहरूमा विभाजित हुँदै आएको छ। एउटै मूल विचारधाराबाट प्रेरित दलहरु पनि रणनीति, नेतृत्व, संगठनात्मक शैली र तत्कालीन राजनीतिक स्वार्थका कारण फरक–फरक बाटोमा हिँड्ने गरेका छन्। यस्तो विभाजन केवल वैचारिक बहसको परिणाम मात्र होइन, नेतृत्व व्यवस्थापन, व्यक्तिगत महत्वाकांक्षा र आन्तरिक लोकतन्त्रको अभावसँग पनि जोडिएको देखिन्छ ।

एकताको प्रयासहरु प्रायः राजनीतिक आवश्यकताबाट प्रेरित हुने गरेका छन्। चुनावी रणनीति, सत्ता समीकरण वा आन्दोलनात्मक दबाबका कारण दलहरूबीच एकता घोषणा हुने गर्छ । तर ती एकताहरु दीर्घकालीन वैचारिक सहमति र संस्थागत संरचनाभन्दा पनि तत्कालीन राजनीतिक लाभमा केन्द्रित हुँदा स्थायित्व कमजोर हुन्छ। परिणामस्वरूप, केही समयमै पुनः असन्तुष्टि र विभाजन देखा पर्छ ।

कम्युनिष्ट आन्दोलनभित्र देखिने अर्को समस्या विचार र व्यवहारबीचको अन्तर हो। सिद्धान्तमा जनपक्षीय राजनीति, श्रमिक राजनीतिक शक्तिहरूले आर्थिक स्रोत, खर्च प्रणाली र पारदर्शितामा स्पष्टता राख्नुपर्ने अपेक्षा गरिन्छ । तर विभिन्न समयमा आर्थिक गतिविधि, सहकारी संरचना, ठेक्का प्रणाली वा अन्य व्यावसायिक सम्बन्धसँग जोडिएका प्रश्नहरूले आन्दोलनको विश्वसनीयतामा असर पारेको देखिन्छ। आर्थिक अनुशासन कमजोर हुँदा संगठनात्मक एकता पनि प्रभावित हुन्छ।

नेपालको सन्दर्भमा कम्युनिष्ट दलहरु पटक–पटक सरकारमा पुगेका छन् । कहिले ठूलो बहुमतसहित, कहिले गठबन्धनको रूपमा । तर सरकारमा रहँदा देखिने नीति र निर्णय तथा बाहिर रहँदा गरिने आलोचनाबीच पनि असन्तुलन देखिन्छ । सत्तामा हुँदा देखिने व्यवहार र प्रतिपक्षमा हुँदा गरिने भाषणबीचको अन्तरले जनविश्वासमा प्रभाव पार्छ र संगठनात्मक स्थायित्वमा प्रश्न उठाउँछ।

यद्यपि, कम्युनिष्ट आन्दोलनलाई केवल आलोचनात्मक दृष्टिले मात्र हेर्नु पनि पूर्ण विश्लेषण हुँदैन। यसले नेपालमा सामाजिक रूपान्तरण, सामन्ती संरचनाविरूद्धको संघर्ष, शिक्षा, स्वास्थ्य र सामाजिक न्यायको मुद्दालाई स्थापित गर्न महत्वपूर्ण भूमिका र जवाफदेहिता कायम गर्नुपर्छ।

यदि यी पक्षहरूलाई उपेक्षा गरियो भने एकताको घोषणा केवल अस्थायी राजनीतिक रणनीति मात्र बन्नेछ । केही समय एउटै संरचना देखिए पनि भित्रभित्रै असन्तुष्टि र गुटबन्दी जारी रहनेछ। अन्ततः त्यो संरचना फेरि विभाजनतर्फ नै जाने सम्भावना रहन्छ ।

नेपालको कम्युनिष्ट आन्दोलन अहिले पनि एउटा निर्णायक मोडमा छ । जनताले दिएको विश्वासलाई संस्थागत रूपमा रूपान्तरण गर्ने अवसर पनि छ र विगतका कमजोरीहरु दोहोर्याउने जोखिम पनि उत्तिकै छ। एकताको भविष्य नारामा होइन, व्यवहारमा निर्भर गर्छ। विचारधारात्मक प्रतिबद्धता, नैतिक आचरण र जनउत्तरदायी नेतृत्वले मात्र आन्दोलनलाई स्थायित्व दिन सक्छ ।

अन्ततः कम्युनिष्ट आन्दोलनको वास्तविक चुनौती एकता घोषणा गर्नु होइन, त्यो एकतालाई टिकाइराख्नु हो। जबसम्म सिद्धान्त र व्यवहारबीचको दूरी घट्दैन, तबसम्म एकताको हल्ला र फुटको पुनरावृत्ति नेपाली राजनीतिक यथार्थको हिस्सा बनिरहनेछ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## तपाईको आज

| राशि | आज |
| --- | --- |
| मेष | तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। समाजले पदीय जिम्मेवारी दिलाउनेछ। |
| वृष | नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। |
| मिथुन | टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ। |
| कर्कट | उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ। |
| सिंह | आˆना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। |
| कन्या | समयमा लगनशील बन्न नसक्ता पछि परिनेछ। तापनि नयाँ काममा जग बसाउने समय छ। |
| तुला | कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग वादविवाद हुन सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला। |
| वृश्चिक | खर्च लागे पनि रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। अतिथिका रूपमा मानसम्मान प्राप्त होला। |
| धनु | व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्। |
| मकर | उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ। |
| कुम्भ | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। अरूको बारेमा चासो लिँदा व्यर्थै झमेला बढ्न सक्छ। |
| मीन | अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। |

# आँबुखैरेनीको नीति तथा कार्यक्रम ........

सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

**पर्यटनलाई रोजगारीसँग जोड्ने रणनीति**

धार्मिक, प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनमार्फत पर्यटन विस्तार गरी स्थानीय युवालाई रोजगारीसँग जोड्ने नीति अवलम्बन गरिएको छ । छिम्केश्वरी, आँधीमूल, ऐना पहरा, पर्यटकीय गाउँ, अकला मन्दिर लगायतका क्षेत्रको पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ । चमेरो गुफा, अक्लाङ पार्क र ऐतिहासिक चौताराजस्ता सम्भावित पर्यटकीय गन्तव्यको विकास गरिने तथा डिजिटल प्लेटफर्ममार्फत पर्यटन प्रवर्द्धनमा स्थानीय युवालाई सहभागी गराई स्वरोजगारका अवसर सिर्जना गर्ने लक्ष्य राखिएको छ ।

**उत्पादनको आधारमा कृषि अनुदान**

कृषि क्षेत्रमा 'वास्तविक किसानले मात्रै अनुदान' भन्ने अवधारणालाई कार्यान्वयन गर्ने नीति लिइएको छ । उत्पादनको आधारमा प्रोत्साहन उपलब्ध गराइने, दूधमा प्रतिलिटर अनुदान वृद्धि गरिने तथा मास, फापरजस्ता बालीमा प्रतिकिलो अनुदानलाई निरन्तरता दिइने भएको छ । हरेक वडामा खसीबोका संकलन केन्द्र स्थापना गरी मासु उत्पादनमा समेत प्रतिकिलो प्रोत्साहन उपलब्ध गराउने योजना रहेको छ। कृषि तथा पशु बीमा कार्यक्रमलाई पालिकाभर विस्तार गरी किसानको लगानी सुरक्षित गर्ने नीति पनि कार्यक्रममा समेटिएको छ ।

**पशुपालन सुधारका नयाँ कार्यक्रम**

पशुमा देखिने बाँझोपन समस्या समाधानका लागि विशेष शिविर सञ्चालन, पशु सेवा क्लिनिक स्थापना तथा निःशुल्क कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउने योजना ल्याइएको छ । यसबाट पशुधनको उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ ।

**स्मार्ट र सुरक्षित बस्ती निर्माण**

पृथ्वी राजमार्ग आसपासका बजार तथा बस्तीमा सडक बत्ती र सिसिटिभी जडानलाई प्राथमिकता दिइनेछ । स्थानीय टोल विकास संस्था, प्रहरी र सरोकारवालासँग सहकार्य गरी सुरक्षित र व्यवस्थित शहरी वातावरण निर्माण गर्ने लक्ष्य राखिएको छ ।

**भूमि प्रशासन गाउँपालिकाबाटै**

नागरिकलाई जग्गासम्बन्धी सेवा सहज बनाउन गाउँपालिकाबाटै भूमि प्रशासन सेवा सञ्चालन गर्ने तयारी गरिनेछ । आवश्यक जनशक्ति र पूर्वाधार व्यवस्थापन गरी संघीय सरकारसँग समन्वय गरेर सेवा विस्तार गर्ने नीति लिइएको छ । भूमिहीन सुकुम्बासी, दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्या समाधानलाई पनि प्राथमिकता दिइएको छ । नापजाँच र प्रमाणिकरणका बाँकी प्रक्रिया पूरा गरी थप लाभग्राहीलाई लालपुर्जा वितरणका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

**सडक, खानेपानी र सिँचाइ विस्तार**

मुख्य सडकको कालोपत्रे तथा ढलान, अधुरा सडक सम्पन्न गर्ने, ग्रामीण क्षेत्रमा 'एक घर-एक धारा' अभियानलाई निरन्तरता दिने तथा खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने नीति समावेश गरिएको छ। शहरी क्षेत्रमा खानेपानी उपभोक्ता समितिसँग सहकार्य गरी न्यूनतम खानेपानी महसुल निःशुल्क बनाउने लक्ष्य पनि अघि सारिएको छ ।

**ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता**

बालमैत्री गाउँपालिका घोषणा गर्ने तयारी पूरा गरिने, ज्येष्ठ नागरिकका लागि 'घर आँगनमै डाक्टर' कार्यक्रम सञ्चालन गरी नियमित स्वास्थ्य परीक्षण गरिने तथा अपाङ्गता भएका व्यक्तिका लागि सीप विकास र उद्यमशीलता कार्यक्रम सञ्चालन गरिने भएको छ।

**सामाजिक विकृति नियन्त्रणमा जोड**

जातीय विभेद, छुवाछुत, लैङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह, लागुऔषध दुर्व्यसन र साइबर अपराधविरूद्ध विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक अभियान सञ्चालन गरिने नीति कार्यक्रममा उल्लेख गरिएको छ।

**सीप विकास र स्वदेशमै उद्यम**

गाउँपालिकाले छुट्टै सीप विकास शाखा स्थापना गरी आर्थिक वर्ष २०८३/८४ लाई 'सीप विकास वर्ष' का रूपमा मनाउने घोषणा गरेको छ। विदेशबाट सीप सिकेर फर्किएका वा स्वदेशमै रहेका युवालाई कानुनी तथा वित्तीय सहजीकरणमार्फत उद्यम स्थापना गर्न सहयोग गर्ने योजना पनि समेटिएको छ ।

**डिजिटल कर प्रणाली र फोहोर व्यवस्थापन**

राजस्व सुधार अभियान अन्तर्गत घरमै बसेर कर तिर्न सकिने डिजिटल प्रणाली विकास गरिनेछ । फोहोर व्यवस्थापनमा स्रोतमै वर्गीकरण गरी कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गर्ने र नकुहिने फोहोरको वैज्ञानिक व्यवस्थापन गरिने नीति लिइएको छ ।

**वन, वातावरण र विपद् व्यवस्थापन**

सामुदायिक वनसँग साझेदारी गरी वन संरक्षण, सीप विकास र गरिबी न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछन् । विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आगलागी नियन्त्रणका पूर्वतयारी, फायर हाइड्रेन्ट तथा आवश्यक उपकरण व्यवस्थापनमा जोड दिइएको छ ।

**सम्पदा र बहुसांस्कृतिक पहिचान संरक्षण**

आदिवासी जनजाति, दलित, खस आर्य, मुस्लिम तथा क्रिश्चियन समुदायका सांस्कृतिक सम्पदा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछन् । परम्परागत बाजागाजा, भजन संस्कृतिको संरक्षण र आदिवासी बहुसांस्कृतिक संग्रहालय निर्माणलाई निरन्तरता दिइने नीति पनि समावेश छ ।

आँबुखैरेनी गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमले आधारभूत सेवा प्रवाहलाई प्रभावकारी बनाउने, स्थानीय उत्पादन र पर्यटनमार्फत आर्थिक गतिविधि बढाउने तथा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा नागरिकको पहुँच विस्तार गर्ने स्पष्ट रणनीति प्रस्तुत गरेको देखिन्छ । उत्पादनमुखी कृषि, सीप विकास, डिजिटल सेवा, सामाजिक समावेशिता र दिगो पूर्वाधार विकासलाई एकैसाथ अघि बढाउने प्रयासले आगामी वर्षमा स्थानीय शासन र विकासको नयाँ दिशा तय गर्ने अपेक्षा गरिएको छ ।

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

bhanjyangnews.com

**विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावारी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# कालीगण्डकीमा जलाशय बनेपछि माझी तथा बोटेको पेसा सङ्कटमा

**हरिप्रसाद बास्तोला/गण्डकी**

स्याङ्जाको मिर्मीस्थित कालीगण्डकी नदीमा जलविद्युत् आयोजनाको बाँध निर्माण भएपछि परम्परागत रूपमा माछा मारेर जीविकोपार्जन गर्दै आएको माझी समुदायको पेसा संकटमा परेको छ। माछाका लागि प्रख्यात सो नदीमा बाँध निर्माणपछि बनेको 'जलाशय'मा माछा कमी हुँदा माझी र डुङ्गा चलाउन नपाउँदा बोटे समुदायको पेसा संकटमा परेको हो । बाउबाजेले गर्दै आएको पेसामा रमाउँदै आएका माझी समुदायका अनुसार जलाशय बन्नुअघि कालीगण्डकी र आँधीखोलाको सङ्गम क्षेत्र आसपासमा माछा प्रशस्त पाइन्थ्यो । नदीमा जाल थापेपछि भोलिपल्ट बिहान जालभरि माछा पर्थ्यो । अहिले १४४ फिट उचाइको बाँध बनेसँगै तल्लो भागका माछा माथिल्लो क्षेत्रमा आउन रोकिएपछि माझी र बोटे समुदायको पेसा प्रभावित भएको हो ।

साँझ जलाशयमा जाल थापेर बिहान निकाल्दा कहिलेकाहीँ एउटा पनि माछा नपर्ने अवस्था सृजना भएको भन्दै मिर्मीका दिलबहादुर बोटेले भन्नुभयो, "पहिला माछाले घर चल्थ्यो, अहिले जाल थाप्दा पनि खाली हात फर्किनु पर्दछ । यही बाध्यताले माछा मार्ने पेसा छाडेर कालीगण्डकी जलयात्राको 'स्टिमर' चालक बन्न बाध्य भएँ, त्यो पनि अहिले राम्रो चलेको छैन, अब के पो गर्नु ।" उहाँका अनुसार मिर्मीदेखि पर्वत, स्याङ्जा र गुल्मीको संगमस्थल हुँदै विश्वकै सबैभन्दा ठूलो 'शिला' मानिने सेतीबिनी क्षेत्रसम्म सञ्चालन हुने जलयात्रामा यात्रु घट्दै गएका छन् । कालीगण्डकी 'करिडोर' र आसपासका सडक विस्तार भएसँगै तीर्थयात्री तथा पर्यटकहरु जलमार्गको सट्टा सिधै सडकमार्गबाट गन्तव्यतर्फ पुग्न थालेपछि यसको प्रत्यक्ष असर स्टिमर व्यवसायमा परेको उहाँको भनाइ छ ।

विसं २०६२ देखि स्टिमर चालकको काम गर्दै आएका दिलबहादुर बोटे भन्नुहुन्छ, "पहिला जलयात्राको छुट्टै आकर्षण थियो, अहिले सडक पुगेपछि यात्रु नै पाउन मुस्किल छ, नदीमा माछा छैन, स्टिमरमा यात्रु पनि छैनन् । विदेश जान नपरे हुन्थ्यो भन्ने थियो, अब अरू केही पेसा व्यवसाय केही नभएपछि बाहिर जानुपर्ने बाध्यता आइलाग्यो । पेसा व्यवसायको अभावमा अहिले हाम्रो समुदाय अप्ठ्यारोमा परेको छ ।" उहाँले भन्नुभयो, "अधिकांशको आफ्नै खेतीयोग्य जमिन छैन, नदी र माछा नै सबैको जीविकोपार्जनको आधार थियो । पछिल्लो समय परम्परागत पेसा सङ्कटमा परेपछि सो क्षेत्रका माछा मार्ने पेसामा आधारित सम्पूर्ण परिवारको भविष्य अन्योलपूर्ण बन्दै गएको छ ।"

अर्का चालक मोहन बोटेको कथा पनि उस्तै छ । एउटै स्टिमरमा दुई जना चालक खटिने भए पनि यात्रु अभावले कामको निरन्तरता र आम्दानी दुवैमा चुनौती थपिएको छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पोखराबाट कालीगण्डकी जलयात्रामा सहभागी पत्रकारहरूसँग उहाँले भन्नुभयो, "माझी समुदायको उत्थानका लागि राज्यले सोच्नु पर्दछ।"

जलविद्युत् आयोजनाको मिर्मी बाँधबाट प्रभावित सो समुदायलाई विकल्पका रूपमा यस क्षेत्रमा बसोबासको व्यवस्था मिलाइएको भए पनि अहिलेसम्म जग्गाधनी पुर्जा पाउन नसकेको उनीहरूको गुनासो छ । कालीगण्डकी गाउँपालिका कार्यपालिका सदस्यसमेत रहनुभएका स्थानीय प्रेमबहादुर बोटेका अनुसार मत्स्य अनुसन्धान केन्द्र मिर्मीले वार्षिक तीन लाखभन्दा बढी माछाका भुरा जलाशयमा छोड्दै आएको तर वर्षाको बाढीले सबै बगाएर लैजाँदा समस्या सृजना भएको हो । कालीगण्डकी गाउँपालिका-७ मा मात्र माछा मार्ने पेसामा आबद्ध माझी र बोटे समुदायका गरी ३८ घरपरिवार छन्।

पालिकाले सो क्षेत्रमा प्राङ्गारिक मल उत्पादन गर्ने तयारी गरिरहेको बताउँदै त्यसबाट माझी तथा बोट समुदायलाई राहत पुग्ने जनाएको छ । कालीगण्डकी जलयात्रा व्यवस्थापन समितिले हाल १५० देखि ९० जना यात्रु क्षमताका चारवटा स्टिमर सञ्चालनमा ल्याएको छ । यसै सन्दर्भमा माझी तथा बोटे समुदायका अगुवाहरुले उक्त जलाशयमा पर्यटक एवं तीर्थालु भक्तजनाका लागि डुङ्गा सयर गर्ने अनुमति दिए त्यसैमा रमाउँदै घरगाउँमै बसेर परिवार पाल्ने व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गरेका छन् ।

# राममन्दिर .....

संगमस्थल 'वेणी'को स्नानघाट संरक्षण र धार्मिक क्षेत्रको सौन्दर्यकरणका लागि क्षेत्र विकास समितिले सातदिने सूचना जारी गरेपछि सो क्षेत्रका अनधिकृत संरचना हटाइएको छ । स्नानघाट संरक्षण पर्खालभन्दा तलको सार्वजनिक जग्गामा विभिन्न संघसंस्था, जोगी, भिक्षु, पण्डित तथा व्यवसायीले ती टहरा बनाएर उपभोग गर्दै आएका थिए । रासस




**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

# व्यासको गजुरे ..

विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले पनि स्वास्थ्य चौकी सञ्चालनलाई स्वागत गर्दै भवन निर्माणसँगै औषधि, उपकरण र स्वास्थ्यकर्मीको नियमित उपलब्धता सुनिश्चित गर्न आग्रह गरेका छन् । उनीहरूका अनुसार ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तारले आकस्मिक उपचारदेखि नियमित स्वास्थ्य सेवासम्म नागरिकको भरोसा बढाउनेछ ।

गजुरे स्वास्थ्य चौकी सञ्चालनलाई व्यास नगरपालिकाको विकेन्द्रीकृत स्वास्थ्य सेवा विस्तार अभियानको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। स्थानीय तहकै नजिक आधारभूत उपचार उपलब्ध हुन थालेपछि ग्रामीण समुदायको स्वास्थ्य सेवामा पहुँच अझ प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।



**रोपाईको चटारो :** तनहुँको ब्यास नगरपालिका-१४ स्थित मराङ्डी फाँटमा रोपाइका लागि ब्याडमा बिऊ उखेल्दै कृषक महिलाहरू । यहाँका कृषकहरूलाई खेत खनजोतका लागि वडाले ५० प्रतिशत अनुदानमा रोडाभेटर प्रविध उपलब्ध गराएको छ । *तस्विर : भञ्ज्याङ*

# कृषि विकास कार्यालयद्वारा आँबुखैरेनीका कृषकलाई अनुदानमा कृषि सामाग्रि वितरण

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको आँबुखैरेनी गाउँपालिका-६ घलडाँडाका कृषकलाई ९० प्रतिशत अनुदानमा कृषि तथा सिँचाइ सामग्री वितरण गरिएको छ । जिल्ला कृषि विकास कार्यालय तनहुँले गण्डकी प्रदेश सरकारअन्तर्गत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार सामग्री वितरण गरेको हो । कार्यक्रमअन्तर्गत कृषि उद्यम विकास, रैथाने बाली प्रवर्द्धन, जलवायुमैत्री प्रविधि प्रवर्द्धन तथा निर्यातजन्य बाली प्रवर्द्धन कार्यक्रममार्फत घलडाँडा कृषक समूहलाई आवश्यक सामग्री उपलब्ध गराइएको हो ।

कृषक समूहलाई सिँचाइ व्यवस्थापनका लागि पाँच हजार लिटर क्षमताको ठूलो हिल ट्याङ्क प्रदान गरिएको छ । साथै समूहमा आबद्ध २२ जना कृषकलाई ५०० लिटर क्षमताका हिल ट्याङ्क, २० एमएम सिँचाइ पाइप, विभिन्न रैथाने बालीका बिउबिजन तथा एग्रिकल्चर स्प्रेयरलगायत सामग्री वितरण गरिएको जिल्ला कृषि विकास कार्यालय तनहुँले जनाएको छ ।

कार्यक्रमको संयुक्त रुपमा गण्डकी प्रदेश सभा सदस्य हरि बहादुर चुमान र जिल्ला कृषि विकास कार्यालय तनहुँका प्रमुख परशुराम अधिकारीले सामग्री हस्तान्तरण गरेका थिए। कार्यक्रममा आँबुखैरेनी गाउँपालिकाको कृषि तथा पशु सेवा शाखाको समन्वय रहेको थियो ।

सामग्री वितरणपछि बोल्दै सरोकारवालाहरूले अनुदानमा प्राप्त सामग्रीको प्रभावकारी प्रयोगमार्फत



उत्पादन वृद्धि गर्न र आधुनिक तथा व्यावसायिक खेती प्रणाली अपनाउन कृषकलाई सुझाव दिएका थिए । उनीहरूले रैथाने बाली प्रवर्द्धन र जलवायुमैत्री कृषि प्रविधिको उपयोगले ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउन सहयोग पुग्ने धारणा राखेका थिए ।

कृषकहरूले अनुदानमा प्राप्त सामग्रीले सिँचाइ सुविधा सहज बनाउने र उत्पादन वृद्धि गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

**खोलागाउँका किसानलाई ५० प्रतिशत अनुदानमा ५० मौरीघार**

यसैबीच, जिल्ला कृषि विकास कार्यालय तनहुँले आँबुखैरेनी गाउँपालिका-२ खोलागाउँका किसानलाई मौरीपालन प्रवर्द्धनका लागि ५० प्रतिशत अनुदानमा ५० थान मौरीघार वितरण गरेको छ।

रोदी खोला किसान समूहमा आबद्ध कृषकलाई वितरण गरिएको उक्त सामग्री कार्यालयको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रमअन्तर्गत कृषि उद्यम विकास, रैथाने बाली प्रवर्द्धन, जलवायुमैत्री प्रविधि प्रवर्द्धन तथा निर्यातजन्य बाली प्रवर्द्धन कार्यक्रममार्फत उपलब्ध गराइएको हो ।

जिल्ला कृषि विकास कार्यालय तनहुँका प्रमुख परशुराम अधिकारीले मौरीपालनलाई आयआर्जनको राम्रो माध्यमका रूपमा विकास गर्न कार्यालयले निरन्तर कार्यक्रम सञ्चालन गर्दै आएको बताए। उनका अनुसार मौरीपालनले मह उत्पादनसँगै कृषि बालीको परागसेचनमा समेत महत्वपूर्ण भूमिका खेल्ने भएकाले समग्र कृषि उत्पादन वृद्धि गर्न मद्दत पुग्छ।

गण्डकी प्रदेश सभा सदस्य हरि बहादुर चुमानले मौरीपालन कम लगानीमा बढी आम्दानी लिन सकिने व्यवसाय भएकाले ग्रामीण क्षेत्रमा यसको विस्तार आवश्यक रहेको उल्लेख गरे। उनले यस्ता कार्यक्रमले किसानलाई आत्मनिर्भर र व्यावसायिक बनाउने विश्वास व्यक्त गरे । कृषि प्राविधिक तथा सरोकारवालाहरूले पनि मौरीपालन ग्रामीण अर्थतन्त्र सबल बनाउन प्रभावकारी माध्यम भएको भन्दै यसको विस्तार र व्यवस्थापनमा ध्यान दिनुपर्नेमा जोड दिएका छन्। स्थानीय कृषकहरूले अनुदान सहयोगमार्फत प्राप्त सामग्रीले कृषि तथा पशुपालन दुवै क्षेत्रमा उत्पादन र आम्दानी वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा व्यक्त गरेका छन् ।

सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

रास्वपाले केही सांसद चै रंगीला नै पाएछ । कोही सडकमा पिटी खेल्ने, कोही खुट्टा भाँच्ने, कोही चलिरहेको गाडीमा फिल्म सुटिङकै स्टायलमा भिडियो बनाउने- त्यति मज्जा त फिफा वर्ल्डकपमा ब्राजिलीयन समर्थकहरूले साम्बा डान्सबाट पनि लिन सक्दैनन होला ।



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

काठमाडौंका गोष्ठी-कार्यशालाहरूमा सहभागी हुँदा एउटा कुरा सधैं खट्किन्छ। 'फ्लोरबाट ४-५ वटा प्रश्न लिऔं' भनेर प्रश्नोत्तर सत्र सुरू गरिन्छ, तर धेरैजसो अवस्थामा वरिष्ठ सहभागीहरूबाट प्रश्न होइन, आफ्नै 'मिनी प्रस्तुति' सुरू हुन्छ। कतै हाम्रो शिक्षा प्रणालीले परीक्षामा उत्तर लेख्न त सिकायो, तर विमर्श र छलफलका क्रममा सही प्रश्न सोध्न सिकाउनचाहिँ चुकेको त होइन?
नयाँ र उपयोगी ज्ञानको सिर्जना प्रायः सही उत्तरबाट होइन, सही प्रश्नबाट सुरू हुन्छ ।




**dambar khatiwoda**
x.com/dambarkhatiwoda

बन्द चिया उद्योगबारे बालेन सरकारको धारणा के हो? उद्योगीको लगानी, चिया किसानको भुक्तानी र बगान मजदुरको रोजगारी के हुन्छ ? के भारत सरकारसंग कुनै कुरा भयो? कि कुरै नगर्ने हो? के अरू बिकल्प छ? यो निर्यात प्रक्रियाको प्राविधिक बिषय हो कि दुई देशबीच चीसो शुरू भएको संकेत? बोल!

# बन्दीपुरमा नि:शुल्क मुटु स्वास्थ्य शिविर

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर अस्पतालमा नि:शुल्क मुटुको भिडियो एक्स-रे (इको) सहितको बृहत् मुटु स्वास्थ्य शिविर सञ्चालन हुने भएको छ ।




वरिष्ठ मुटु रोग विशेषज्ञ डा. प्रकाश राज रेग्मीको नेतृत्वमा चिकित्सक टोलीद्वारा यही असार ६ गते शनिबार बिहान ९ बजेदेखि बेलुका ४ बजेसम्म बन्दीपुर अस्पतालमा सञ्चालन गरिने भएको छ ।

शिविरमा मुटु सम्बन्धी समस्या भएका तथा परीक्षण गराउन इच्छुक सबै नागरिकले नि:शुल्क स्वास्थ्य सेवा लिन सक्ने बताइएको छ। मुटुको भिडियो एक्स-रे (इको), परामर्श तथा प्रारम्भिक जाँच सेवा उपलब्ध गराइनेछ।

अस्पताल प्रशासनले सम्बन्धित सबैलाई जानकारी गराउँदै आफ्नो क्षेत्रमा रहेका आवश्यक सेवाग्राहीसम्म सूचना पुऱ्याउन सहयोग गर्न अनुरोध गरेको छ ।

मुटु रोगको समयमै पहिचान र उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको उक्त शिविरबाट स्थानीय समुदायले ठूलो लाभ लिन सक्ने अपेक्षा गरिएको छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४